आज मिति २०७७ साल जेठ १६ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ७५ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

उपस्थिति

| नं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

## नगरकार्यपालिकाको मिति २०७७/०२/१६ गतेको ७५ औ वैठकको निर्णयहरु

निर्णय १ :जिल्ला विपद व्यवस्थापन समितिको २०७७/०१/२६ गते बसेको वैंठकले जिल्ला क्वारेन्टिन संचालनको लागि प्रत्येक पालिकाले उपलब्ध गराउने भनिएको रु १ लाख प्रदान गर्ने निर्णय गरियो ।

निर्णय २ यस आ.व.मा सञ्चालनमा रहेका तथा सञ्चालन गर्ने भनिएका योजनाहरु देशव्यापी लकडाउनको प्रभावले सम्पन्न गर्न नसकिएको अवस्थामा तत् योजनाहरुलाई आगामी आ.व.मा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय ३ : यस न.पा वडा नं. ७ निवासी श्री सोम बहादुर गुरुङ ब्रेन ट्यूमरबाट पीडित हुनुभएकोमा निजलाई उपचार सहयोगार्थ आर्थिक सहायता कोषबाट रु २५,०००।- ( अक्षेरुपी पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

नेर्णय ४ : आ.व. २०७६/०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि कार्यपालिकाबाट निर्णय भएका योजनाहरु कार्यान्वयन गर्न सुचिकृत सम्पूर्ण बेरोजगारीहरुको निवेदनमा माग भए बमोजिमका सम्पूर्ण विवरण प्राप्त नभएको तथा कोभिड-१९ को कारणले भएको बन्दाबन्दीले रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न नसकिएकोले पुर्ण विवरणलाई आधार मानी हालसम्म प्रविष्ट गरेको आधारमा वडा अनुसार प्राथमिकिरणका साथ सामाजिक दुरी कायम गरी सम्बन्धित वडाको योजना कार्यान्वयनको काममा खटाउने ।

**निर्णय ५ : यस नगरपालिकाका तपशीलका प्रस्तावित योजनाहरुलाई प्रदेश सरकार समक्ष समपुरक अनुदान र विशेस अनुदानका लागि माग गर्ने निर्णय गरियो ।**

समपुरक अनुदानतर्फ :

| क्र.स | योजनाको नाम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|
| १ | बोगटीबारी- ऐसेलुचौर- लामागाँउ- तार्कुकोट मोटरबाटो | समपुरक अनुदान | आ. ब. ०७६/०७७ मा समेत समावेश (वार्ड नं. ६) |
| २ | पाउदी खोला तार्कुटार मजुवा लिफ्टिङ्ग सिञ्चाई योजना | समपुरक अनुदान | (वार्ड नं. ६) |
| ३ | मातृभुमी क्याम्पस- सुन्दरबजार अस्पताल हुदै डुम्रे बेशीसहर राजमार्ग सडक स्तरोन्नती, कालोपत्रे | समपुरक अनुदान | (वार्ड नं. ७) |
| ४ | पाउदी खोला हाँडेटार हिउँदे सिचाई योजना (पोलिथिन पाईपद्वारा) | समपुरक अनुदान | (वार्ड नं. २) |

बिशेस अनुदानतर्फ :

| क्र.स | योजनाको नाम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|
| १ | भगिरथि भञ्ज्याङ- कोईरालाफाँट- १० नं. वडा कार्यालयहुदै जुङेपानी मोटरबाटो स्तरोन्नती | बिशेस अनुदान | (वार्ड नं. १ र १०) |
| २ | कुन्छा- पतेनी- अमृतपानी-, मनकामना- पाणीनी - चिहानपाटा मोटरबाटो स्तरोन्नती | बिशेस अनुदान | (वार्ड नं. १ र ३) |
| ३ | रामादी पेट्रोलपम्प- बलिथुम मोटरबाटे स्तरोन्नती | बिशेस अनुदान | (वार्ड नं. ८) |

निर्णय ६ : यस न पा वडा नं. ५ थाक्लेमा रहेको खेलकुद मैदान निर्माण गर्ने क्रममा पुरिएर क्षतिग्रस्त सिंचाई कुलोलाई निर्माण गर्ने पूर्व निर्णय भए बमोजिम उक्त कूलोमा हिमपाईप राखी निर्माणको आवश्यक प्रकृया अपनाई निर्माण कार्य सम्पन्न गरि नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय ७ : सु न पा वडा नं ६ निवासी श्री अर्ण बहादुर कुँवरको अचानक तनहुँ भानु न पा -११, रुपाकोटमा निधन भई पोष्टमार्टम बेशीसहरमा गरिएको र निजको आर्थिक अबस्था निकै नाजुक भएकोले निजको अन्तेष्टी खर्च सहयोगार्थ आर्थिक सहायता कोषबाट रु २०,०००।- ( अक्षेरुपी बीस हजार मात्र) उपलब्त्र गराउने निर्णय गरियो ।

निर्णय ८ : यस नगरपालिकाको नगरबस मिति २०७६ माघ २२ गतेबाट सञ्चालन भएकोमा ग १ ख ९६५६ नं को बसका चालक साविक तार्कु - ६ बजारकोट (सुन्दरबजार नगरपालिका ६ खत्रिठाँटी ) निवासी श्री कृष्ण बहादुर राना ( लाईसेन्स नं. ०१-०६-००-७५९३४४) लाई सेवा करार सम्झौता गरि मासिक रु २२०१०।- ( अक्षेरुपी बाईस हजार दस ) का दरले २०७६ माघ २२ गते देखि २०७७ असार मसान्तसम्मको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय ९: यस नगरपालिका वडा नं ७ मा रहेको मर्स्याङ्दी आधारभुत विद्यालयमा शौचालय र त्यस वरपर भासिएको जमिनमा न.पा प्राविधिकले तयार गरेको प्राविधिक स्टमेट अनुसार मेशिनरी वाल निर्माण गर्ने निर्णय गरीयो ।

२०७६।१०।१६

**निर्णय १०** : यस नगरपालिका वडा नं. २ को वडास्तरीय योजनामा सार्वजनिक शौचालयका लागि विनियोजित रकम रु १,००,०००।- (अक्षेरुपी एक लाख मात्र) उक्त वडाको भवन मर्मत कार्यमा खर्च गर्ने गरि योजना परिमार्जन गर्ने निर्णय गरियो ।

**निर्णय ११**: साना पूर्वाधार विकास कार्यक्रम तर्फ वडा नं. २ मा विनियोजित रकम रु ४,००,०००।- ( अक्षेरुपी चार लाख) मात्र मध्ये बचत हुन आएको रकम उक्त वडाको वडा कार्यालय मर्मतमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय १२**: यस नगरपालिकामा कोभिड १९ को केश अनुसन्धान तथा कन्ट्रयाक खोज पडताल र सो सँग सम्वन्धित कार्य गर्ने प्रयोजनार्थ **कोभिड १९ का लागि केश अनुसन्धान तथा कन्ट्रयाक खोज पडताल टीम परिचालन अन्तरीम निर्देशिका- २०७७** अनुसार खोज अनुसन्धान टीम गठनका लागि आबश्यक २ जना जनस्वास्थ्य अधिकृत नियुक्तिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।